# उत्तरगया गाउँपालिका

## उत्तरगया क्षेत्र विकास कोष गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५

उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, उत्तरगया

प्रमाणित गर्ने

नाम थर : उपेन्द्र लम्साल

सहि:

प्रमाणित मिति: २०७५/०५/२१

# उत्तरगया क्षेत्र विकास कोष गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५

श्री उत्तरगया धाम क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न उत्तरगया क्षेत्र विकास कोष सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ र १०२ साथै उत्तरगया गांउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाउँपलिकाले यो कार्यविधी जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधीको नाम उत्तरगया धाम क्षेत्र विकास कोष गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५ रहेको छ ।

(२) यो कार्यविधी पारित भएको मितिदेखी प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधी :-

(क) उत्तरगया धाम क्षेत्र भन्नाले उत्तरगया धाम क्षेत्रको सुरक्षा, सम्भार र विकासको लागि उत्तरगया गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको सीमाना भित्रको क्षेत्र सम्झनु पर्दछ ।

(ख) कोष भन्नाले दफा बमोजिम स्थापना भएको उत्तरगया धाम क्षेत्र विकास कोष सम्झनु पर्दछ ।

(ग) संरक्षक भन्नाले कोषको संरक्षक सम्झनु पर्दछ ।

(घ) अध्यक्ष भन्नाले कोषको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) परिषद भन्नाले कोष संचालनका निमित्त दफा ७ बमोजिम गठन भएको उत्तरगया धाम क्षेत्र विकास कोष संचालक परिषद सम्झनु पर्दछ ।

(च) सदस्य भन्नाले परिषदका -उपाध्यक्ष, कोषध्यक्ष, सदस्य र सदस्य सचिवलाई समेत जनाइन्छ ।

(छ) चन्दा भन्नाले कोषलाई सहयोग स्वरुप दाताले प्रदान गर्ने नगद, जिन्सी र चल अचल सम्पती समेत सम्झनु पर्दछ ।

(ज) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस कार्यविधी अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. कोषको स्थापना

३.१. उत्तरगया धाम क्षेत्रको विकासको लागि उत्तरगया धाम क्षेत्र विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

३.२. कोषको कार्यालय उत्तरगया गाउँपालिका वडा नं. ५ उत्तरगया धाम क्षेत्रमा हुनेछ ।

३.३. उत्तरगया धाम क्षेत्रविकास कोषलाई अंग्रेजीमा उत्तरगया होली यरीया डेभलभमेन्ट ट्रस्ट भनिन्छ ।

३.४ कोषको काम कारवाहीको विभिन्न आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४. संरक्षक उत्तरगया गाउँपालिकाका अध्यक्ष कोषको संरक्षक हुनेछ । गाउँपालिका उपाध्यक्ष सह-संरक्षक हुनेछ ।

सल्लाहकार :- रसुवा जिल्लाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने माननिय सांसद कोषको प्रमुख सल्लाहकार र रसुवा जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य सल्लाहकार रहनेछ ।

५. कोषको उद्देश्य

५.१ कोषको उद्देश्य देहाय बमोजिम हुनेछ

५.१.१ उत्तरगया धाम क्षेत्र हिन्दुहरुको उपासना केन्द्र र सनातन तीर्थस्थलका रुपमा रहिआएकोले यस उत्तरगया धाम क्षेत्रलाई सोही वमोजिम कायम गर्ने,

५.१.२ उत्तरगया धामको आदर्श गरिमा एंव महत्व अनुरुप उत्तरगया धाम क्षेत्रको योजनावद्ध रुपमा सुरक्षा, संभार तथा विकास गर्ने,

५.१.३ उत्तरगया धाम क्षेत्रको प्राचिन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु उत्तरगयाको चल, अचल श्रीसम्पती तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्वर्द्धन गर्ने,

५.१.४ श्री राम मन्दिर लगायत उत्तरगया धाम क्षेत्रमा रहेको सबै मन्दिरहरुमा परम्परागत धार्मिक रीतिस्थिति वमोजिम सांस्कृतिक चाडपर्व तथा सामाजिक र लोककल्याणकारी कार्य पूजाआजा संचालनको व्यवस्था मिलाउने,

५.१.५ स्वदेश तथा विदेशमा तमाम हिन्दु धर्मावलम्वीहरु तथा पर्यटक समेतको सुविधाको लागि यस पावन तीर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी अन्तराष्ट्रिय तीर्थस्थललाई रुपमा विकास गर्ने,

५.१.६ यस कार्यविधी वमोजिमको उद्देश्य अनुरुप अन्य कार्यहरु सुव्यवस्थित रुपले गर्ने,

६. कोषको अध्यक्ष : धामको लागि चन्दा, जग्गा दान गर्ने स्थानिय दाता वा स्थानिय समाजसेवी वा धार्मिक व्यक्तित्व कोषको अध्यक्ष हुनेछ ।

७. उत्तरगया धाम क्षेत्रविकास संचालक परिषदको गठन :

७.१. कोषको सम्पुर्ण काम कारवाहीको संचालन तथा रेखदेख गर्नका लागि उत्तरगया क्षेत्र विकास कोषको अध्यक्षको अध्यक्षतामा एक उत्तरगया धाम क्षेत्र विकास कोष संचालन परिषद गठन गरिने छ । तर उत्तरगया गाउँपालिकाले कोषको हरेक कृयाकलापहरुको अनुगमन र निगरानी राख्न कुनै वाधा पर्नेछन ।

७.२. उपदफा ७.१ बमोजिम गठन हुने परिषदमा देहायका सदस्यहरु रहनेछन :

७.२.१. गाउँकार्यपालिकाले स्थानिय सस्कृत विज्ञ र धार्मिक पर्यटन विज्ञबाट छानेको बढीमा २ जना व्यक्तिहरु - सदस्य

७.२.२. स्थानिय धार्मिक तथा समाजसेवीमध्ये संहसंरक्षकको मनोनित गरेको १ जना - उपाध्यक्ष

७.२.३. स्थानिय समाजसेवी मध्य गाउँपालिकाले मनोनित गरेको २ जना महिला सहित ४ जना व्यक्तिहरु - सदस्य

७.२.४. संरक्षकबाट मनोनित एक जना महिला - कोषध्यक्ष

७.२.५. सम्बन्धित वडा अध्यक्ष - पदेन सदस्य

७.२.६. संरक्षकबाट मनोनित व्यक्ति - सदस्य -सचिव

७.३. उपदफा ७.२.१ र ७.२.२ बमोजित सदस्यहरु मनोनीत तथा छनौट गर्दा विवाद आएमा संरक्षकले निर्णायक भुमिका खेल्न सक्नेछ ।

७.४. विदुर नगरपालिका विशेष गरी वडा नं. ७ र १० का समाजसेवी, धार्मिक व्यक्तित्व, सस्कृतविदहरुलाई परिषदमा समेटने गरी विदुर नगरपालिकासगंको समन्वयमा यस कोष पदाधिकारी तथा गाउँपालिकाले थप पहल गर्नेछ ।

७.५. गठित कोष द्धारा मनोनित सामाजिक तथा धार्मिक व्यक्तिहरु - २ जना सदस्य

८. परिषदको काम, कर्तव्य र अधिकार

८.१.१. यस कार्यविधी अनुसार कोषको उद्देश्य पूरा गर्नका लागि प्रयत्नशील रहने ,

८.१.२. गाउँपालिकाबाट समय समयमा हुने परिपत्र तथा मार्गदर्शनको पालना गर्ने, गराउने,

८.१.३. उत्तरगया धाम क्षेत्रको गुरुयोजना र वार्षिक योजना तथा तद्नुरुपका कार्यकमहरु गाउँपालिकाबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन गराउने ,

८.१.४. उत्तरगया धाम क्षेत्रभित्र रहेको मन्दिर तथा स्थलहरुमा पूजा आजा, पर्व उत्सव लगायतका धार्मिक कार्यहरु र सो क्षेत्रमा परम्परागत रीतिस्थितिका अन्य कार्यहरु संचालनको व्यवस्था गर्ने, गराउने,

८.१.५. उत्तरगया धाम क्षेत्र विकास तथा धार्मिक रीतिस्थिति बमोजिम कार्य संचालन गर्ने सम्बन्धमा अध्ययन, अनुसन्धान, कार्यशाला, गोष्ठी आदीको आयोजना गर्ने गराउने,

८.१.६. उत्तरगया धामक्षेत्र भित्र रहेका ऐलानी पर्ति जग्गाको क्षेत्रफलको समेत खुलाई लगत तयार गर्ने ,

८.१.७. गाउँपालिकासंग समन्वय गरी उत्तरगया धाम क्षेत्रको योजना र उत्तरगया धाम क्षेत्र भित्रको कुनै स्थान विशेषको महत्व, मान्यता र सम्वेदनशिलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी निषेध र नियन्त्रण गर्ने,

८.१.८.योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानिय इकाई तथा जनताको सहभागिता जुटाउने र कार्यान्वयन गरिने योजना र कार्यक्रम बारे जनतामा भ्रम र अन्यौल नहुने गरी जनसाधारणलाई समय समयमा स्पष्ट जानकारी गराउने,

८.१.९. उत्तरगया क्षेत्रको योजनाबद्ध रुपमा विकास गर्दा सुव्यवस्थित रुपले निर्माण, मर्मत सम्भार र सरसफाई गरी स्वच्छ बातावरण कायम गर्न,

८.१.१०. उत्तरगया धाम क्षेत्रमा वृक्षारोपण, वगैचा तथा उद्यान समेतको व्यवस्था गर्ने,

८.१.११. धाम क्षेत्रको घाट, चितास्थल, नदीको जलमार्ग, जलपदार्थ, जलप्रवाह तथा वालुवा आदिको सुव्यवस्थित रुपमा संरक्षण र सम्वर्द्धन गर्ने,

८.१.१२ धाम क्षेत्रमा प्रदुषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड वनाई गाउँपालिकाबाट स्वीकृत प्राप्त गरी लागू गर्ने,

८.१.१३. उत्तरगया धामलाई तीर्थस्थलको रुपमा रक्षा गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने,

८.१.१४. धाम क्षेत्रमा गरिने निर्माण सम्वन्धमा गाउँपालिकासंग समन्वय गरी आवश्यक मापदण्ड ताक्ने,

८.१.१५. उत्तरगया धाम र धाम क्षेत्र भित्रको मन्दिरमा चढाएको दान, भेटी, उपहार तथा नियमीत र विशेष पूजाको हिसाव तोकीए बमोजिम पारदर्शी बनाउने र कोषमा दाखिला गराउने,

९. परिषदको बैठक

९.१. अध्यक्ष वा परिषदको वैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्देशन अनुसार परिषदको सदस्य सचिवले मिति समय र स्थान तोकी परिषदको वैठक वोलाउने छ ।

९.२ परिषदका् वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा निजले लिखित रुपमा तोकेको सदस्यले गर्नेछ ,

९.३ वैठक बस्ने सूचना गर्दा आवश्यकतानुसार मुनासिव समय तोकी सूचना गर्नुपर्नेछ ।

९.४ परिषदको वैठक साधारणत वर्षको २ पटक बस्नेछ तर अध्यक्षका निर्देशन भएमा गाउँपालिकाबाट निर्देशन भएमा वा दुई तिहाई सदस्यहरुले लिखित रुपमा वैठक वस्नु पर्ने माग गरेमा जतिसुकै पटक पनि बस्न सक्नेछ ।

९.५. सदस्य सचिवले वैठकको निर्णय पुस्तिका राख्नेछ ।

१०. कार्य संचालन विधि : परिषद्को आन्तरिक कार्य संचालन विधि परिषदले निर्धारण गरी गाउँपालिकाले स्वीकृत गरे अनुसार हुनेछ ,

११. उत्तरगया गाउँपालिकाको नियन्त्रमा रहने

११.१ उत्तरगया धाम क्षेत्रभित्रका सार्वजनिक जग्गाहरु र गुठी जग्गा उत्तरगया गाउँपालिकाको नियन्त्रणमा रहने छ । उत्तरगया धाम क्षेत्र भित्रको सार्वजनिक जग्गा तथा गुठी जग्गा कुनै व्यक्ती वा संस्थाको नाममा दर्ता भएको भए त्यस्तो दर्ता बन्द हुनेछ ।

११.२ धाम क्षेत्रको विकासको लागि त्यहाँ रहेको जग्गा कुनै संरचना बनाऊनु अघि गाउँपालिकाको स्वीकृती लिनुपर्नेछ ।

११.३. श्री राम मन्दिरको पूजा आजा र मन्दिरको रेखदेख सम्बन्धि व्यवस्था : (१) श्री राम मन्दिरको रेखदेख गर्ने कर्तव्य कोषको हुनेछ र श्री राम मन्दिरको विभिन्न पूजाआजा चलाउने कर्तव्य तोकीएको पूजारीको हुनेछ ।

१२. कोष तथा खाता

१२.१. परिषदले कोषका निमित्त नेपाल भित्र वा वाहिर कुनैपनि क्षेत्र संस्था वा व्यक्तिबाट चन्दा गर्न वा गराउन सक्नेछ ।

१२.२. चन्दा प्राप्त गर्ने प्रक्रियाका सम्वन्धमा अन्य आवश्यक कुराहरु परिषदले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१२.३. कोषमा देहायका रकमहरु रहनेछन

१२.३.१ संघिय सरकार प्रदेश सरकार तथा स्थानिय सरकारले उत्तरगया धामक्षेत्रको विकासको निम्ती प्रदान गरेको रकम

१२.३.२. नेपाल भित्र वा वाहिरको क्षेत्र संस्था वा व्यक्तिहरुको कोषको निमित्त प्रदान गरेको चन्दा

१२.३.३. उत्तरगया धाम तथा राममन्दिरसंग संम्वन्धित सबै प्रकारका गुठी जग्गाको आयस्ताबाट प्राप्त हुने रकम,

१२.३.४. श्री राम मन्दिरबाट प्राप्त हुने दक्षिणा र भेटीको रकम

१२.३.५. कोषले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम र

१२.३.६. अन्य स्रोतबाट प्राप्त रकम वा चन्दा

१२.४. कोषको तर्फबाट गर्नुपर्ने सबै खर्च कोषबाट व्यहोरीने छ ।

१२.५. कोषको खाताको संचालन परिषदले निर्धारण गरी गाउँपालिकाले स्वीकृत गरे वमोजीम हुनेछ ।

१३. सम्झौता गर्दा उत्तरगया गाउँपालिकाको स्वीकृती लिनुपर्ने कोषले आफ्नो कार्य संचालनका सिलसिलामा कुनै स्वदेशी वा विदेशी संस्था वा निकायसंग सम्झौता गर्दा उत्तरगया गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

१४. लेखा र लेखा परीक्षण

१४.१. कोषको आय-व्ययको लेखा गाउँपालिकाले निर्धारण गरे वमोजिम राखिने छ ।

१४.२. कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

१४.३. गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाले चाहेमा कोषको हिसाव किताव सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै वखत जाँच्न सक्नेछ ,

१५. मापदण्ड बनाउने अधिकार : यस कार्यविधीको उद्देश्य पूर्तिका लागि कोषले आवश्यक मापदण्डहरु वनाई गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ,

१६. आचार संहिता वनाई लागु गर्नेः

परिषदले परिषद्का सदस्यहरुको आचार संहिता तयार गरी गाउँपालिकाबाट स्वीकृती भएपछि लागु गर्न सक्नेछ ।

१७. बचाउ तथा बाधा अड्काउ फुकाउने अधिकार

१७.१ यस अघि उत्तरगया धामक्षेत्रको विकासको लागि भएका काम कारवाहीहरु यसै कार्यविधीमा उल्लेख भए वमोजिम हुनेछ ,

१७.२ यो कार्यविधी कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेका सो वाधा अड्काउ फुकाउन उत्तरगया गाउँपालिकाले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।